# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ९ असोज ०४, २०८०

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०६/०४ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका गाउँ शिक्षा समितिको निर्णयको सन्दर्भमा विद्यालय समायोजन दरबन्दी मिलान लगायतको विषयमा गठित कार्यदलको प्रतिवेदन माथि दफावार छलफल पछि मात्र बालविकास केन्द्र व्यवस्थापन र विद्यालय समायोजन कार्यविधि निर्माण समितिको विषयमा निर्णय हुने भएको हुँदा अर्को गाउँ कार्यपालिकाको बैठकमा छलपल गर्ने निर्णय गरियो । |
| ३ | गाउँपालिकाको प्रशासकीय भवन निर्माणको IEE गर्ने र नदिजन्य पदार्थको सम्बन्धमा चन्द्रकोटसँग छलफल गरेपछि मा IEE गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ अवस्थित श्री रुन्खादह मा.वि.१६ कोठे भवन निर्माणको DPR गर्ने निर्णय गरियो । |
| ५ | नेपालको संविधानको अनुसूची - ८, अन्तर-सरकारी वित्ती व्यवस्थापन ऐन,२०७४ को अनुसूची - ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा (घ) को व्यवस्था बमोजिम यस गुल्मीदरबार गाउँपालिका भित्र सञ्चालन हुने अटो रेक्साहरुलाई गाउँपालिकामा आवश्यक तपशिलका प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गरि दर्ताको लागि १५(पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१. अटो रिक्सा दर्ता गर्न आउँदा नम्बर प्लेट सहितको प्रत्यक्ष ल्याउनु पर्ने छ ।<br>२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>३. अटोरिक्सा चालक अनुमति पत्रको प्रतिलिपि<br>४. गाउँपालिकामा अटोरिक्सा दर्ताका लागि तोकीएको शुल्कको नगदी रसिद<br>५. रिक्सा धनिले यात्रुहरुको बिमा गरेको प्रमाणको प्रतिलिपि |
| ६ | गुल्मीदरबार गाउँपालिकाका तपशिलका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।<br>तपशिलः<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. ४ निवासी बम बहादुर बलालको किराना पसलमा आगो लागि भएर ठूलो क्षेती भएको हुँदा निजलाई आर्थिक सहायता रकम रु.३००००।- उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. ६ निवासी सावित्रा राना क्यानसरबाट पिडित भइ उपचार गर्न आर्थिक समस्या परेको भनि सिफारिस आएको हुँदा निजलाई आर्थिक सहायता रकम रु.३००००।- उपलब्ध गराउने |
| ७ | गुल्मीदरबार गाउँपालिकाको अध्यक्ष युवा उद्यमी कार्यक्रमको लागि प्राप्त निवेदनहरुबाट १०० जना युवाहरुलाई युवा उद्यमीको रुपमा छनौट गर्ने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकालाई प्लाष्टिक झोला मुक्त गराउनको लागि मापदण्ड बमोजिमका ४० माइक्रोन भन्दा कमका प्लाष्टिक झोलाहरु प्रयोग घटाउनको लागि प्रचारप्रसार अनुगमन लगायतका आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो । |
| ९ | गुल्मीदरबार गाउँपालिकाको स्थानीय पाठ्यक्रम हाम्रो गुल्मीदरबार नामको पाठ्यपुस्तक कक्षा २ र ३ को लागि लेखन कार्यको लागि १५ कार्यदिनको समयावधी दिइ पाठ्यपुस्तक लेखन समिति गठन गरिएकोमा तोकिएको समयमा काम सम्पन्न हुन नसक्ने भएको हुँदा १० कार्य दिन म्यादथप गरिदिन अनुरोध भएको हुँदा सोहि बमोजिम १० कार्यदिन म्याद थप गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| १० | गुल्मीदरबार गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ संशोधन गर्नु पर्ने भएकोले संशोधनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो । |
| ११ | नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि अखाद्य पदार्थ र उपयोग समयावधी समाप्त भएका सामग्री बिक्रि वितरण नगरुन भन्नका लागि बजार अनुगमन गर्ने निर्णय गरियो । |
| १२ | कर्मचारीहरुले सामाजिक सञ्जालमा विभिन्न स्टाटसहरु लेख्ने कार्यालय समयमा ड्रेसमै टिकटकहरु बनाउने गरेको हुँदा कर्मचारीहरुले आचरणको पूर्ण पालना गरि कार्यालय समयमा ड्रेसमा टिकटक नबनाउने सामाजिक सञ्जालहरुमा अनावस्यक कुराहरु नलेख्न र शेयर नगर्नको लागि निर्देशन दिने निर्णय गरियो । |
| १३ | हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीज एवं ऋषि पञ्चमिको अवसरमा यस गाउँपालिका अन्तर्गत बसोवास गर्ने देश विदेशमा  रहनु हुने समस्त नागरिकहरु समेतलाई हार्दिक मंगलमय शुभकामना सहित यहि मिति २०८०/०६/०२ गते ऋषिपञ्चमीको दिन यस गुल्मीदरबार गाउँपालिका भित्र सार्वजनिक बिदा दिने निर्णय गरियो । |
| १४ | संविधान सभाका अध्यक्ष सुवाशचन्द्र नेम्वाङ्गको मिति २०८०/५/२६ गतेका दिन भएको असमायीक निधनले सिङ्गो देश नै स्तब्ध भएको अवसरमा हामी गुल्मीदरबार बासी पनि स्तब्ध भएका छौं । दिवंगत आत्माको चिर शान्तीको एवं कैवल्य प्राप्तीको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनलाई ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत